# कालिन्चोक गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

सुनखानी, दोलखा

३ नं. प्रदेश

प.सं. : ०७५/७६

मिति : २०७६/०१/०८

च.नं. :

श्री वडा कार्यालय (सबै)
कालिञ्चोक गाउँपालिका, दोलखा ।

**विषय - म्याद थप गरिएको सम्बन्धमा ।**

यस कार्यालयबाट २०७५/१२/१९ गते प्रेषित पत्र अनुसार आर्थिक वर्ष २०७६/७७ का लागि यस स्थानीय तहको मातहतमा रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने न्यूनतम १०० दिनको रोजगारीमा संलग्न भई सामाजिक सेवामा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुनका लागि त्यस वडामा रहेका १८ वर्षदेखि ५९ वर्षभित्रका बेरोजगार व्यक्तिहरूको निवेदन चैत्र मासान्तसम्म सङ्कलन गरी गाउँपालिकाको कार्यालयमा उपलब्ध गराउने निर्देशन दिइएकोमा सो म्याद वैशाख मासान्तसम्मका लागि थप गरिएको व्यहोरा अनुरोध गराउँदै वैशाख मासान्तसम्म प्रक्रियाअनुसारका निवेदनहरू सङ्कलन गर्नुहुन अनुरोध छ ।

बेरोजगार व्यक्तिहरूको सूची सङ्कलन गर्ने मिति थप भएको व्यहोराअनुरूपको सूचना सरोकारवाला सबैमा प्रसारित गरी वैशाख मासान्तसम्मका थप निवेदनहरूसमेत सङ्कलन गरेर गाउँपालिकाको कार्यालयमा बुझाउनुहुन अनुरोध गरिन्छ ।

.......................

लक्ष्मण कुईंकेल
प्रमुख प्रशासकीय अधिकृत